**निर्णय नं. १**

नेपाल सरकार, राष्ट्रिय योजना आयोग सिंहदरबार, काठमाडौंको मिति २०७९/०८/१९ गते प्रकाशित प्रदेश सरकार र स्थानीय तहमा आ.व. २०८०/०८१ का लागि संघीय समपुरक अनुदान तथा संघीय विशेष अनुदान अन्तर्गत संचालन गरिने आयोजना/कार्यक्रमका लागि प्रसताव आह्वान भएकोमा यस चौतारा साँगाचोकगढी नगरपालिकाको आगामी आ.व. २०८०/०८१ को लागि यस नगरपालिकाबाट देहाय बमोजिमका योजनाहरु प्रस्ताव गरी लागत स्टीमेट समेत तयार गरी तोकिएको समय सिमा भित्र नगर कार्यपालिकाको कार्यालयबाट राष्ट्रिय योजना आयोग सिंहदरबार, काठमाडौंको अनलाईन प्रणाली www.csgrants.gov.np मा प्रविष्टि गरी पठाउने व्यवस्था मिलाउने निर्णय गरियो ।

**क) संघीय सरकारसँगको संघ समपूरक कार्यक्रम :**

| सि.नं | योजनाको नाम | ठेगाना | नगरपालिकाको तर्फबाट समपूरक रकम | संघमा प्रस्ताव गरिएको समपूरक रकम | कूल रकम |
|---|---|---|---|---|---|
| १. | मेलचौर चिलाउने कदमबास भैंसे सडक कालोपत्रे | चौ.सा.गढी.न.पा.- ८ र ९ | १०००६२६०.४८ | १०००००००० | २०००६२६०.४८ |
| २. | चागुलेटोल बाँसपाटी तल्लोगोल्मा बाँसपाटी ठुलाखेत सडक स्तरोन्नती | चौ.सा.गढी.न.पा-४ | १०००३४२४.५९ | १०००००००० | २०००३४२४.५९ |
| ३. | पानीचौर श्वाँराथोक मोटरबाटो कालोपत्रे | चौ.सा.गढी.न.पा- ११ र १२ | १०००६२६०.४८ | १०००००००० | २०००६२६०.४८ |
| ४. | स्याउले भादगाउँ सिम्पाल सडक स्तरोन्नती | चौ.सा.गढी.न.पा-१ | १०००७०३४.१३ | १०००००००० | २०००७०३४.१३ |
| **जम्मा** | | | **४००२२९७९.६८** | **४००००००००** | **८००२२९७९.६८** |

**ख) संघीय सरकारसँगको विशेष अनुदान कार्यक्रम :**

| सि.नं. | योजनाको नाम | ठेगाना | संघमा प्रस्ताव गरिएको विशेष अनुदान रकम |
|---|---|---|---|
| १. | रोक्का टोल लिफ्ट खानेपानी आयोजना (सार्की गाउँ) | चौ.सा.गढी.न.पा-१३ | १००००००००.०० |
| २. | भैंसे बजारमा माझी बस्तीको लागि खानेपानी योजना | चौ.सा.गढी.न.पा-९ | १००००००००.०० |
| ३. | सुकुटे पर्यटकीय करिडोरको फोहोरमैला व्यवस्थापन | चौ.सा.गढी.न.पा-९, १०, ११ र १२ | १००००००००.०० |
| **जम्मा** | | | **३००००००००.००** |

**निर्णय नं. २**

प्रस्ताव नं. २ उपर छलफल गर्दा यस चौतारा साँगाचोकगढी नगरपालिका अन्तर्गतका विभिन्न वडाहरुबाट योजना तथा बजेट माग सम्बन्धमा सम्बन्धित वडाबाट सिफारिस साथ वडाको दिगो विकास तथा सम्बन्धित वडाको वासिन्दाहरुलाई प्रत्यक्ष रुपमा फाइदा हुने योजना तथा कार्यक्रम यस नगरपालिकामा पेश हुन आएमा आवश्यकता र औचित्यताको आधारमा थप बजेट व्यवस्था गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ उपर छलफल गर्दा यस चौतारा साँगाचोकगढी नगरपालिका भित्र रहेका सहिद तथा बेपत्ता परिवार, जनयुद्ध तथा जनआन्दोलनका घाइते, "ख" वर्गका अपाङ्गता भएका व्यक्ति, महिला स्वास्थ्य स्वयंसेविका र दीर्घरोग लागेका व्यक्तिहरुको स्वास्थ्य वीमा कार्यलाई प्राथमिकतामा राख्दै गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच र उपभोगमा सुधार गरी स्वास्थ्य वीमा कार्यले सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित गर्ने भएको हुँदा उक्त बीमा कार्यक्रम यस नगरपिलकाको स्वाथ्य वीमा सम्बन्धी कार्यविधि २०७९ बमोजिम कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ उपर छलफल गर्दा चालू आ.व. २०७९/०८० को लागि यस चौतारा साँगाचोकगढी नगरपालिकाको विभिन्न शाखा तथा अन्तर्गको वडा कार्यालयहरुमा विभिन्न शिर्षकमा बजेट विनियोजन भएका सन्दर्भमा विभिन्न शाखाहरु तथा वडा कार्यालबाट योजना संसोधन तथा बजेट रकमान्तर सम्बन्धमा हालसम्म यस कार्यालयमा सिफारिस साथ पेश हुन आएका विवरणहरुलाई विस्तृत अध्ययन गरी आवश्यकता अनुसार योजना संसोधन तथा बजेट रकमान्तर गर्नका लागि यस नगरपालिकाको मिति २०७९/०९/२८ गते बस्ने १३ औं नगर सभा बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ उपर छलफल गर्दा यस चौतारा साँगाचोकगढी नगरपालिकाको देहाय अनुसारका विभिन्न कार्यविधिहरु स्वीकृत गर्ने निर्णय गरियो ।

१. आकाशे पानी संकलन तथा साना लिफ्ट सिंचाई कार्यक्रम कार्यविधि, २०७९
२. एक घर एक करेसाबारी एक टनेल एक पोखरी प्रोत्साहन अनुदान कार्यविधि, २०७९
३. चौतारा साँगाचोकगढी नगरपालिका साझेदारी कार्यक्रम संचालन कार्यविधि, २०७९
४. पकेट विकास प्रवर्द्धन ( प्याकेज) कार्यक्रम संचालन कार्यविधि, २०७९
५. नगरपालिकाको वाली संरक्षण कोष स्थापना कार्यविधि, २०७९
६. सहकारी / समुह मार्फत् पकेट क्षेत्रमा वाखा पालन कार्यक्रम सम्बन्धी कार्यविधि, २०७९
७. पशु विमा अनुदान कार्यक्रम संचालन कार्यविधि, २०७९
८. प्रजनन् राँगा / बोका वितरण कार्यविधि, २०७९
९. सुत्केरी गाई भैंसी प्रोत्साहन अनुदान कार्यक्रम संचालन कार्यविधि, २०७९

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ उपर छलफल गर्दा यस चौतारा साँगाचोकगढी नगरपालिकाको मिति २०७९/०९/२८ गते बस्ने १३ औं नगर सभा बैठकको संचालनका लागि आवश्यक तयारी गर्नका लागि नगर कार्यपालिकामा कार्यरत कर्मचारीहरु तथा सरोकारवालाहरु सबैलाई जिम्मेवारी तोक्न निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ उपर यस चौतारा साँगाचोकगढी नगरपालिका र मुख्यमन्त्री तथा मन्त्री परिषद्को कार्यालय बागमती प्रदेशबाट स्वीकृत भई द्विपक्षिय सम्झौता भए अनुसार नवप्रवर्तन साझेदारी कोष (IPF) कार्यक्रम अन्तर्गत एकीकृत सूचना प्रणाली व्यवस्थापन कार्यक्रमको प्रयोजनार्थ यस नगरपालिकाको एकीकृत सूचना व्यवस्थापन प्रणाली सहित मोबाईल एप र कर्मचारी तथा जनप्रतिनिधिहरुको क्षमता अभिवृद्धि तालिम सञ्चालनार्थ गठन भएको कार्यान्वयन समितिले विभिन्न मितिमा बसेको बैठकबाट घरधुरी सर्वेक्षणको लागि निर्माण गरेको आवश्यक प्रश्नपत्रहरुलाई स्वीकृत गर्ने र पदपूर्ति समितिबाट छनौट भई सिफरिस साथ पेश हुन आएका १४ जना गणकहरुलाई नियुक्ति तथा करार सम्झौता गरी उक्त कार्य अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ उपर छलफल गर्दा यस चौतारा साँगाचोकगढी नगरपालिका तथा सबै वडा कार्यालयहरुबाट चालू आ.व. २०७९/०८० मा संचालन हुने र सम्झौता हुन बाँकी सम्पूर्ण नगर स्तरीय तथा वडा स्तरीय योजनाहरु मिति २०७९ चैत्र मसान्त भित्रमा सम्झौता गर्नुपर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ उपर छलफल गर्दा यस चौतारा साँगाचोकगढी नगरपालिका वडा नं. ६ मा रहेको रामपुरे खेल मैदान निर्माण कार्यको लागि सार्वजनिक निर्माण कार्यान्वयन इकाइबाट रु. १५,००,०००।- (पन्ध्र लाख) विनियोजन भई सम्झौताको लागि तयारी अवस्थामा रहनु हुन भनी लेखि आएकोले सो खेल मैदान निर्माण कार्यको लागि उक्त जग्गा उपयोग गर्न दिने निर्णय गरियो ।

**निर्णय नं. १०**

प्रस्ताव नं. १० उपर छलफल गर्दा स्थानीय निर्देशक समितिले गरेका निर्णय अनुमोदनका लागि सिफारिस भइ आएका निर्णयहरुलाई अनुमोदन गर्दै यस नगरपालिकाको सम्पूर्ण वडाहरुमा प्रभावकारी रुपमा प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयन तथा संचालनका गर्नका लागि आवश्यक पर्ने सामाग्रीहरु खरिद लगायत अन्य कार्य गर्नका लागि प्रत्येक वडालाई म्याचिङ फण्डबाट रु. ४,००,०००|- (चार लाख) दरले नगरपालिकाको १४ वटै वडाको लागि जम्मा रु.५६,००,०००।- (छपन्न लाख) बजेट व्यवस्था गरी उक्त कार्य अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. ११**

प्रस्ताव नं. ११ उपर छलफल गर्दा यस चौतारा साँगाचोकगढी नगरपालिकामा चालू आ.व. को स्वीकृत बजेटबाट खरिद गरिएको ब्याक हो लोडर (Back Hoe Loader) संचालन गर्ने कार्यको लागि ब्याक हो लोडर (Back Hoe Loader) संचालन सम्बन्धी कार्यविधि तर्जुमा गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

यस चौतारा साँगाचोकगढी नगरपालिकामा अस्थायी तथा करार सेवामा कार्यरत कर्मचारीहरुको सेवा अवधि समाप्ति वा अवकाश पछि एकमुष्ठ केही रकम सुविधा वापत् प्रदान गरी कर्मचारीलाई प्रोत्साहित गर्न, कर्मचारीको मनोबल उच्च राख्न तथा सेवा पछिको भविष्य सुनिश्चित गर्ने उद्देश्यले **"चौतारा साँगाचोकगढी नगरपालिकाको कर्मचारी कल्याणकारी कोष सञ्चालन ऐन, २०७६"** को स्थापना भई संचालन भई आएको साथै कर्मचारी सञ्चय कोषको कार्यालय, लगनखेलमा निरन्तर रुपमा सञ्चयकोष कट्टी वापत्को रकम जम्मा हुँदै आएकोमा आ.व. २०७९/०८० को श्रावण महिनाबाट उक्त रकम कट्टी गर्ने कार्य रोकिएको हुँदा मिति २०७९/०४/०१ देखि लागू हुने गरी उक्त ऐनमा उल्लेख भएका परिच्छेद २ को दफा ६ को उपदफा (२), परिच्छेद ३ को दफा ७ को उपदफा (१) र परिच्छेद ३ को दफा ८ को उपदफा (१) र (२) संसोधन गरी स्वीकृतीका लागि यस नगरपालिकाको आगामी १३ औं नगर सभामा पेश गर्ने निर्णय गरियो ।

## चौतारा साँगाचोकगढी नगरपालिकाको कर्मचारी कल्याणकारी कोष सञ्चालन ऐन, २०७६

**साविकको व्यवस्था**

**परिच्छेद २**

६. **नीति :**

(२) नेपाल सरकार तथा प्रदेश सरकारको शशर्त बजेटबाट तलब प्राप्त गर्ने कर्मचारी तथा कुनै बिशेष आयोजना तथा परियोजनाबाट भुक्तानी प्राप्त गर्ने गरि अस्थायी तथा करारमा नियुक्त कर्मचारीले यो सुविधा प्राप्त गर्ने छैन ।

**संसोधन गरिएको**

**परिच्छेद २**

६. **नीति :**

(२) नेपाल सरकार तथा प्रदेश सरकारको शशर्त बजेटबाट तलब प्राप्त गर्ने, आन्तरिक स्रोतबाट तलब भत्ता प्राप्त गर्ने र कुनै बिशेष आयोजना तथा परियोजनाबाट भुक्तानी प्राप्त गर्ने गरि यस नगरपालिकामा कामकाज गर्नका लागि नियुक्त भएका सम्पूर्ण करार सेवाका कर्मचारीहरुलाई यो सुविधा उपलब्ध हुनेछ ।

**साविकको व्यवस्था**

**परिच्छेद ३**

७. **कोषको स्थापना :**

(१) चौतारा साँगाचोकगढी नगरपालिकाको नाममा कर्मचारी कल्याणकारी कोष नाम गरेको एउटा छुट्टै कोषको स्थापना गरिने छ । जसमा नगरपालिका तथा अन्तर्गत कार्यालयमा अस्थायी तथा करारमा कार्यरत कर्मचारीको मासिक तलबबाट १०% का दरले कट्टि हुने रकम र सो कट्टि रकममा नगरपालिकाले सोहि रकम बराबर थप गरेको रकम जम्मा गरिने छ

**संसोधन गरिएको**

(१) परिच्छेद ३ को दफा ७ को उपदफा (१) हटाइएको ।

**साविक व्यवस्था**

**परिच्छेद ३**

**८. कल्याणकारी कोषमा जम्मा गरिने रकम : कर्मचारी कल्याणकारी कोषमा देहाए बमोजिमका रकम जम्मा हुनेछ ।**

(१) नगरपालिका तथा अन्तर्गत कार्यालयमा अस्थायी तथा करारमा कार्यरत कर्मचारीको मासिक तलबबाट १०% का दरले कट्टि हुने रकम ।

(२) नगरपालिका तथा अन्तर्गत कार्यालयमा अस्थायी तथा करारका कर्मचारीको १०% कट्टि रकममा नगरपालिकाले सोहि रकम बराबर थप गरेको रकम ।

**संसोधन गरिएको**

(१) परिच्छेद ३ को दफा ८ को उपदफा (१) हटाइएको ।

(२) नेपाल सरकार तथा प्रदेश सरकारको शशर्त बजेटबाट तलब प्राप्त गर्ने, आन्तरिक स्रोतबाट तलब भत्ता प्राप्त गर्ने र कुनै बिशेष आयोजना तथा परियोजनाबाट भुक्तानी प्राप्त गर्ने गरि यस नगरपालिकामा कामकाज गर्नका लागि नियुक्त भएका सम्पूर्ण करार सेवाका कर्मचारीहरुको मासिक रुपमा खाईपाई आएको सुरु तलब स्केलको थप १० प्रतिशतले हुन आउने रकम नगरपालिकाको आन्तरिक श्रोतबाट नेपाल बैंक लि. चौतारा शाखामा रहेको सम्बन्धित कर्मचारीको कल्याणकारी कोषको खातामा पठाउनु पर्नेछ ।

**निर्णय नं. १३**

यस चौतारा साँगाचोकगढी नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को वार्षिक स्वीकृत योजना तथा कार्यक्रम मध्ये विभिन्न मितिमा नगर प्रमुखबाट तोक आदेश भएका देहाय बमोजिमको योजनाहरु आगामी नगर सभामा स्वीकृतीका लागि पेश गर्ने निर्णय गरियो ।

| क्र.सं. | योजनाको नाम/वडा नं. | बजेट रू. | बजेट शिर्षक |
|---|---|---|---|
| १. | महाकाली पाताल चौतारी, वडा नं. १३ | १ लाख | विविध |
| २. | गोल्मादेवि मन्दिर निर्माण, वडा नं. ७ | ४ लाख | मठमन्दिर |
| ३. | आठविसे कुलो गरा निर्माण, वडा नं. १३ | १ लाख | सिंचाई |
| ४. | कन्चन स्मृति ग्राम पुस्तकालय ई-लाइब्रेरी व्यवस्थापन, वडा नं. ५ | ५ लाख | विविध |
| ५. | बनदेवी सतल निर्माण, वडा नं. ५ | ५ लाख | पूर्वाधार |
| ६. | चौतारा वृद्धाश्रम, वडा नं. ५ | ४ लाख | लक्षित वर्ग |
| ७. | पाखाटोल खानेपानी ट्याङ्की, वडा नं. ६ | ५ लाख | खानेपानी |
| ८. | भूलभूले छुर्तेन, वडा नं. १३ | ४ लाख | विविध |
| ९. | रेडियो सिन्धु साप्ताहिक महामारी व्यवस्थापन कार्यक्रम | ५ लाख | स्वास्थ्य तर्फ महामारी व्यवस्थापन |
| १०. | साउनेधारा बुढाथोकी टोल सिँढी, वडा नं. ५ | १ लाख | पूर्वाधार |
| ११. | सिन्धुज्वाला साप्ताहिक, | ३० हजार | कृषि विविध |
| १२. | | | |

| सि.नं. | कार्यक्रम/योजना/क्रियाकलापको नाम | कूल बजेट | बजेट उपशिर्षक |
|---|---|---|---|
| १३ | जल्केनी कुण्डला सडकमा पर्खाल निर्माण तथा बाटो मर्मत | ९५५,९४२.०० | मागमा आधारित |
| १४ | ल्याण्ड फिल्ड साइट जाने बाटो सफा | २९०,०५०.०० | विविध कार्यक्रम |
| १५ | छेकाथोक पहिरोको जाली भर्ने स्थानमा पल्म ढलान कार्य | ९४८,०७१.०० | मागमा आधारित |
| १६ | खुल्ला जिम स्थलमा वाल लगाउने र कम्पाउण्डिङ्ग गर्ने कार्य | ९४५,२६०.०० | पुर्वाधार |
| १७ | नगरपालिका भवनको विभिन्न कोठाहरुमा ग्रिल राख्ने कार्य | ५६३,६५१.०० | मागमा आधारित |
| १८ | गौरती भिमशेनको अगाडी पुजाका लागि पेश्की | १००,०००.०० | पुरातत्व संस्कृति, पर्व, जात्रा |
| १९ | वडा नं.६ मा स्याउले जाने मेन बाटोबाट मन्दिर जाने सडक स्तरोन्नती कार्य | १००,०००.०० | मागमा आधारित |
| २० | कुविण्डे दुग्ध उत्पादक सहकारी संस्था जाने सडक स्तरोन्नती | ९९८,९८९.०० | मेयर पुर्वाधार |
| २१ | मेलचाौर भस्मे खोला सडकहरुकाे मर्मत सम्भार | २००,०००.०० | मागमा आधारित |
| २२ | विपद सामाग्री गोदामघर ट्रस निर्माण गर्ने कार्य | ७२७,८९१.०० | मागमा आधारित |
| २३ | एच डि पि ई पाईप खरिद | ९४८,०७०.०० | खानेपानी |
| २४ | ग्याविन तारजाली खरिद | ९४७,७४२.०० | सिंचाई |
| २५ | वडा नं.७ मा खुल्ला कविता प्रतियोगिता | ५०,०००.०० | विविध कार्यक्रम |
| २६ | चौतारा बहुमुखी क्याम्पस लाई पुस्तकालय व्यवस्थापन खर्चका लागि अनुदान | ९००,०००.०० | मागमा आधारित |
| २७ | मृगौला प्रत्यारोपण गरेका डायलाइसिस गरिरहेका क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीहरुलाई अाैषधि उपचार खर्च | २,२२०,०००.०० | विविध कार्यक्रम |
| २८ | वडा नं. ५ स्थित सडक बत्ती जडान | १५०,०००.०० | पुर्वाधार |
| २९ | टुडिखेल नजिक सार्वजनिक शौचालय निर्माण | ९४६,६२४.०० | पुर्वाधार |
| ३० | ठकुरीमोड सिम्पानी सडक ढलान कार्य | ९४३,८२६.०० | पुर्वाधार |
| ३१ | इर्खु खानेपानी तथा सरसफाई योजना (लिफ्ट मेशिन खरिद) | २५०,०००.०० | खानेपानी |
| ३२ | चागुलेटोल चतुरे सडक ग्रावेल गर्ने कार्य | ४७८,०३४.०० | मेयर पुर्वाधार |
| ३३ | वडा नं.४ मा कुविण्डे तिप्लिङ खोला वलेफी सडक मर्मत संभार | २५०,०००.०० | विविध कार्यक्रम |
| ३४ | भिमसेन मन्दिर अगाडी पुजा पेश्की | १२६,२१५.०० | पुरातत्व संस्कृति, पर्व, जात्रा |
| ३५ | भिमसेन मन्दिर अगाडी पुजा पेश्की | - | पुरातत्व संस्कृति, पर्व, जात्रा |
| ३६ | वडा नं.६ मा गिदाने सामुदायिक भवन निर्माण | ५००,०००.०० | पुर्वाधार |
| ३७ | सवहान भाडा | २२,०००.०० | विविध कार्यक्रम |
| ३८ | चौतारा स्पोर्टिङ क्लवद्धारा शहिद स्मारक सि डिभिजन लिग छनौट प्रतियोगिता सहभागीता | २००,०००.०० | विविध कार्यक्रम |
| ३९ | पिपलडाँडा शहरी स्वास्थ्य केन्द्र भवन घेराबार | ६००,०००.०० | विविध कार्यक्रम |
| ४० | वडा नं.६ मा वडा भित्रको मोटरबाटो मर्मत तथा सरसफाई | ३००,०००.०० | विविध कार्यक्रम |
| ४१ | चाैतारा स्पोर्टिङ क्लवदारा शहिद स्मारक सि डिभिजन लिग छनाैट प्रतियोगिता २०७९ सहभागिता | २००,०००.०० | विविध कार्यक्रम |

| सि.नं. | कार्यक्रम/योजना/क्रियाकलापको नाम | कूल बजेट | बजेट उपशिर्षक |
|---|---|---|---|
| ४२ | माझी समुदाय संस्कृति संरक्षण समितिदारा साठीमुरे बच्छला देवी मन्दिरमा पूर्व जात्रा | ५०,०००.०० | पुरातत्व संस्कृति, पर्व, जात्रा |
| ४३ | वडा नं.५ मा गोरख बक्स गणको हेट क्वाटर परिसर प्रवेश गर्ने ढलान कार्य | ८५०,०००.०० | मेयर पुर्वाधार |
| ४४ | वडा न. १० को वडा भरिको बाटो मर्मत तथा सरसफाई | ५००,०००.०० | विविध कार्यक्रम |
| ४५ | भोर्लाको झाङ सिम्पानी सडक स्तरोन्नती गर्ने कार्य | ९४४,६२६.०० | पुर्वाधार |
| ४६ | चेपेछाँगा सिमखेत नौखेत सिंचाई कुलो निर्माण | ४००,०००.०० | सिंचाई |
| ४७ | गौरती भिमसेन युथ क्लबद्धारा गौरती भिमसेन व्यवस्थापन | २००,०००.०० | पुरातत्व संस्कृति, पर्व, जात्रा |
| ४८ | माख्लो भुवागाँउबाट तल्लो भुवागाँउ जाने सडक खण्ड मेशिनरी वाल निर्माण | ९४४,५२४.०० | पुर्वाधार |
| ४९ | वडा नं. १ मा विजयादशमी तथा शुभ दिपावलीको अवसरमा सडक सरसफाई | ५००,०००.०० | विविध कार्यक्रम |
| ५० | वडा नं.१० मा प्लाष्ट्रिक खरिद गरी बिछ्याउने कार्य | २०,०००.०० | विविध कार्यक्रम |
| ५१ | बाजेबजै होटेल अगाडी देखि नगरपालिका गेट सम्मको सडक मर्मत कार्य | ९५२,८३६.०० | पुर्वाधार |
| ५२ | देउराली धारा महादेव मन्दिर संरक्षण | ४७७,७४३.०० | मठ मन्दिर, गुम्बा धार्मिक सम्पदा |
| ५३ | वडा नं.५ मा चतुरे खोल्वा सानो सिंचाई योजना | १५०,०००.०० | सिंचाई |

**निर्णय नं. १४**

यस चौतारा साँगाचोकगढी नगरपालिकाको नगर शिक्षा समितिको बैठकको निर्णयानुसार आवश्यकताका आधारमा तपशिल बमोजिम ऐन संसोधन गर्नुपर्ने भनी यस बैठकमा पेश हुन आएकोमा सोही अनुसार उक्त नगर शिक्षा ऐन (दोस्रो संसोधन), २०७९ संसोधन गर्नका लागि यस नगरपालिकाको मिति २०७९ पौष २८ गते बस्ने नगर सभामा पेश गर्ने निर्णय गरियो ।

## चौतारा साँगाचोकगढी नगरपालिकाको नगर शिक्षा (दोस्रो संशोधन) ऐन, २०७९

चौतारा साँगाचोकगढी नगरपालिकाको नगर शिक्षा ऐनलाई संशोधन गर्न वाञ्छनीय भएकोले,
चौतारा साँगाचोकगढी नगरपालिकाको नगर सभाले देहायका संशोधन गरेको छ:

१) **संक्षिप्त नाम र प्रारम्भ:**

(१) यो ऐनको नाम चौतारा साँगाचोकगढी नगरपालिकाको नगर शिक्षा (दोस्रो संशोधन) ऐन, २०७९ रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२) **मुल ऐनको परिच्छेद ५ को दफा ३९ मा संशोधन**

(१) मुल ऐनको दफा ३९ को सट्टा देहायको दफा ३९ राखिएको छ:

३९. शिक्षक छनोट समिति सम्वन्धी व्यवस्था: (१) सामुदायिक विद्यालयमा रिक्त रहेको स्वीकृत दरवन्दी, राहत शिक्षक अनुदान कोटा, संघ, प्रदेश वा नगरपालिकाको अनुदान कोटा, प्रारम्भिक बालकक्षाका सहजकर्ता, विद्यालय कर्मचारी, करारमा प्रधानाध्यापक छनोट गरी सिफारिस गर्न देहायको शिक्षक छनौट समिति रहनेछ

| | | |
|---|---|---|
| (क) | नगर शिक्षा प्रमुख | **-अध्यक्ष** |
| (ख) | नगर शिक्षा शाखाको विज्ञ सूचीमा सुचिकृत करार शिक्षक छनौट समितिले मनोनित गरेको विज्ञ २ जना | **-सदस्य** |
| (ग) | नगर प्रमुखवाट मनोनित नगर शिक्षा समितिका सदस्य एक जना | **-सदस्य** |
| (घ) | प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृतस्तरको कर्मचारी | **-सदस्य सचिव** |

(२) उपदफा (१) वमोजिमको करार शिक्षक छनोट समितिको वैठक तथा परीक्षा सञ्चालन सम्वन्धी कार्यविधि सो समिति आफैले तोकेवमोजिम हुनेछ ।

(३) शिक्षक छनोट कार्य नगर शिक्षा शाखाले तोकेको स्थानमा हुनेछ ।

(४) छनोट समितिका प्रतिक्रियागत कार्यहरु गोप्य रहनेछ ।

(५) उपदफा (१) को खण्ड (ग) वमोजिम मनोनित सदस्यको पदावधि १ वर्षको हुनेछ । त्यसरी मनोनित सदस्य नगर शिक्षा समितिको सदस्य नरहेमा निजको पदावधि स्वत: समाप्त भएको मानिनेछ ।

(६) उपदफा (५) जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो सदस्यले कुशलतापूर्वक जिम्मेवारी पूरा नगरेमा वा खराब आचरण गरेमा नगर प्रमुखले सदस्य पदवाट हटाउन सक्नेछ । त्यसरी हटाउनु अघि निजलाई सफाइ पेश गर्ने मनासिव मौकावाट वञ्चित गरिने छैन ।

(७) उपदफा (१) को खण्ड (ख) वमोजिमको विज्ञहरु मनोनित गर्दा एक पटकमा एउटा परीक्षाको लागि मात्र मनोनित गरिने छ ।

(८) उपदफा (६) वमोजिम मनोनित विज्ञले परीक्षाको मर्यादा विपरित कार्य गरेमा वा परीक्षामा अनुचित प्रभाव पार्न खोजेमा वा कुशलतापुर्वक जिम्मेवारी वहन गर्न नसकेमा नगर शिक्षा शाखाले कालो सूचीमा राख्न वा विज्ञ सूचीवाट हटाउन र प्रचलित कानून बमोजिम विभागीय कारवाही गर्न सक्नेछ

(९) परीक्षा समितिको वैठकमा वढिमा ३ जना व्यक्तिलाई आमन्त्रण गर्न सकिनेछ ।

(१०) करार शिक्षक छनौट समितिका पदाधिकारी तथा आमन्त्रित सदस्यको पारिश्रमिक नेपाल सरकार, अर्थ मन्त्रालयले तोकेको नर्म्स वमोजिम हुनेछ ।

(११) उपदफा (१) को खण्ड (ख) वमोजिमको शिक्षा शाखाको विज्ञ सूची प्रत्येक वर्ष अद्यावधिक गरी राख्ने जिम्मेवारी नगर शिक्षा प्रमुखको हुनेछ ।

३) **मुल ऐनको दफा ३९ पछि दफा ३९क र ३९ख थप:**

मुल ऐनको दफा ३९ पछि देहायको दफा ३९क. र ३९ख थप गरिएको छ:

३९क. **करार शिक्षक छनोट तथा नियुक्ति सम्बन्धी प्रक्रिया:** (१) करार सेवामा शिक्षक, राहत अनुदान कोटा, संघ, प्रदेश वा नगरपालिका अनुदान कोटा, प्रारम्भिक बालविकास सहजकर्ता, विद्यालय कर्मचारी र प्रधानाध्यापक छनोट गरी नियुक्तिका लागि सिफारिस गर्न योग्यता पुगेका उम्मेदवारबाट नगर शिक्षा शाखाले कम्तीमा १५ दिनको म्याद तोकी विज्ञापन प्रकाशन गर्नेछ।

(२) उपदफा (१) बमोजिमको विज्ञापन अनुसार आवेदन दिएका उम्मेदवारहरुमध्येबाट शिक्षक छनोट समितिले लिखित तथा मौखिक परीक्षा सञ्चालन गरी उपयुक्त उम्मेदवार छनोट गर्नेछ। त्यसरी लिखित र मौखिक परीक्षामा सफल भएका उम्मेदवारको शिक्षण कौशल समेत मूल्यांकन गर्न चाहेमा शिक्षक छनोट समितिले प्रयोगात्मक परीक्षा समेत सञ्चालन गर्न सक्नेछ।

(३) यस दफा बमोजिम छनोट भएका उम्मेदवारहरुलाई शिक्षक छनोट समितिले नगर शिक्षा प्रमुख समक्ष सिफारिस गर्नेछ।

(४) करार शिक्षक छनौट समितिले सिफारिस गरेका सफल उम्मेदवारहरुलाई नगर शिक्षा प्रमुखले करार सेवामा नियुक्त गरी रिक्त पद वा अनुदान कोटा रहेको विद्यालयमा कामकाज गर्न खटाउने छ।

३९ख. **शिक्षक सेवा आयोगको करार सूचीबाट नियुक्ति गर्नुपर्ने:** (१) विद्यालयमा रिक्त रहेको स्वीकृत दरबन्दी र राहत अनुदान कोटाको पदमा करार नियुक्ति गर्दा शिक्षक सेवा आयोगबाट प्रकाशित करार सूचीबाट गर्नुपर्नेछ। त्यसरी करार सूचीबाट करार शिक्षक नियुक्त गर्दा सूची प्रकाशन भएको एक बर्षसम्म मात्र गरिनेछ।

(२) उपदफा (१) बमोजिम शिक्षक सेवा आयोगको करार सूचीमा सुचिकृत उम्मेदवारलाई करार नियुक्ति गर्नका लागि रिक्त पदको विज्ञापन गर्दा विज्ञापन प्रकाशित भएको मितिले सात दिनसम्म करार सूचीका व्यक्तिहरुले आवेदन दिन पाउने व्यवस्था मिलाउनु पर्नेछ।

(३) शिक्षक सेवा आयोगको करार सूचीमा कुनै व्यक्ति नरहेमा वा करार सूचीका व्यक्तिले आवेदन नगरेमा वा करार सूची प्रकाशन भएको एक बर्ष पुरा भएमा नगरपालिकाको करार शिक्षक छनोट समितिको सिफारिसमा करार शिक्षक नियुक्ति गरिनेछ।

(४) शिक्षक सेवा आयोगको करार सूचीमा सुचिकृत व्यक्तिको आवेदन परेमा निजलाई नगर शिक्षा प्रमुखले करार नियुक्ति दिई पद रिक्त भएको विद्यालयमा कामकाजका लागि खटाउनेछ।

(४) **मुल ऐनको दफा ४० मा संशोधन:**

**मुल ऐनको दफा ४० को उपदफा (१) पछि देहायको उपदफा (१क) र (१ख) थप गरिएको छ:**

(१क) करार सेवामा कार्यरत शिक्षक, राहत अनुदान कोटामा कार्यरत शिक्षक, नगरपालिका अनुदान कोटामा कार्यरत शिक्षक तथा प्रारम्भिक बालविकास सहजकर्तालाई नगर शिक्षा प्रमुखले सरुवा गर्न सक्नेछ।

(५ख) यो ऐन प्रारम्भ हुँदाका बखत कार्यरत करार, राहत अनुदान कोटा, नगरपालिका अनुदान कोटामा कार्यरत शिक्षक र प्रारम्भिक बालविकासका सहजकर्तालाई समेत उपदफा (१क) बमोजिम सरुवा गर्न सकिनेछ।

५) **मुल ऐनको दफा ४१ मा संशोधन:**

**मुल ऐनको दफा ४१ को सट्टा देहायको दफा ४१ राखिएको छ:**

४१. **रिक्त पदको जानकारी दिनुपर्ने:** (१) विद्यालयमा कार्यरत शिक्षकको अवकाश, राजिनामा, वा अन्य कुनै कारणले पद रिक्त भएमा वा अनुदान दरबन्दी वा अनुदान कोटा थप भएमा प्रधानाध्यापकले सोको जानकारी पदरिक्त भएको मितिले सात दिन भित्र नगर शिक्षा शाखामा दिनुपर्नेछ।

(२) उपनियम (१) बमोजिम पद रिक्त भएको जानकारी प्राप्त भएपछि त्यस्तो रिक्त पदपूर्तिको प्रक्रिया यथाशीघ्र अघि बढाउने जिम्मेवारी नगर शिक्षा शाखाको हुनेछ